अनुसूची १

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना**

COVID-19 को रोकथाम, नियन्त्रण र सजगता अपनाउने सन्दर्भमा नेपाल सरकारले देहायका व्यवस्था गरेकोले सो अनुसार गर्न गराउनु हुन सम्बन्धित सबैमा यो अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना जारी गरिएको छ।

१ अत्यावश्यक अवस्थामा बाहेक COVID-19 बाट बढी प्रभावित मुलुकहरु चीन, दक्षिण कोरिया, इरान, इटली, जापान लगायत अन्य उच्च जोखिममा रहेका मुलुकहरुमा यात्रा नगर्न नेपाली नागरिकहरुलाई अनुरोध गरिएको छ।

२ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरु एवम् ती मुलुकको ट्रान्जिट भएर नेपाल आउने यात्रुहरुले नेपालको अध्यागमन बिन्दुमा अनिवार्य रुपमा COVID-19 बाट संक्रमित नभएको स्वास्थ्य परिक्षणको प्रमाण पेश गर्नुपर्ने छ।

३ छिमेकी मित्रराष्ट्र भारतसँगका मुख्य नाकाहरु (पशुपतिनगर, काकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह (नेपालगंज), गड्डाचौकी लगायतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने भारतीय यात्रुको स्वास्थ्य परीक्षण गरिने छ ।

४ छिमेकी मित्रराष्ट्र भारतहुँदै स्थलमार्गबाट नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका यात्रुलाई तत्कालका लागि काकरभिट्टा, जोगबनी, रक्सौल, सुनौली, जमुनाह (नेपालगंज), गड्डाचौकीबाट मात्र प्रवेश गर्ने गरी यात्रुको स्वास्थ्य परीक्षण पछि प्रवेशाज्ञा जारी गर्ने व्यवस्था मिलाइने छ ।

५ COVID-19 बाट बढी प्रभावित र यसको उच्च जोखिममा रहेका मुलुकहरुबाट एवम् तेस्रो देशबाट ती मुलुकहरु हुँदै आउने नेपालीहरुले १४ दिन अनिवार्य रुपमा होम क्वारेन्टाइनमा रहनु पर्नेछ।

६ नेपाल भ्रमण वर्ष २०२० सँग सम्बन्धित विदेशमा आयोजना गरिने सबै प्रवर्धनात्मक कार्यक्रमहरु स्थगित गरिएको छ।

७ सन् २०२० को अप्रिलमा नेपालले आयोजना गर्ने तय भएको सगरमाथा संवाद स्थगित गरिएको छ। त्यसै गरी निकट भविष्यमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा, सम्मेलनहरु पनि स्थगित गरिएको छ।

८ निजी तथा गैर सरकारी क्षेत्रबाट नेपालमा आयोजना हुन लागेका अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरु स्थगित गर्न सम्बन्धित आयोजक संस्थाहरुलाई आह्वान गरिएको छ।

९ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरुलाई प्रदान गरिँदै आएको On Arrival Visa को सुविधा १० मार्च २०२० देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको छ। नेपाल भ्रमण गर्न चाहने माथि उल्लेख भएका विदेशी मुलुकका नागरिकहरुले विदेशस्थित नेपाली नियोगहरुबाट आवश्यक प्रक्रिया पुरा गरी भिसा प्राप्त गर्न सक्नेछन्। यसका लागि अध्यागमन विभागबाट मिति २०७६।११।१९ तदनुसार २ मार्च २०२० मा जारी भएको छुट्टै सूचना हेर्नुहुन अनुरोध गरिएको छ।

१९ फागुन, २०७६